नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा सिंहदरबार, काठमाडौं

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय २०७५

## आ.व. २०७५/०७६ को नीति कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना पुस्तिका प्रकाशन सम्बन्धि प्रेश विज्ञप्ती

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाज्यूले नेपाल सरकारको आर्थिक वर्ष ०७५/०७६ को नीति, कार्यक्रम एवं बजेटमा समावेश यस मन्त्रालयसँग सम्बन्धित नीति कार्यक्रम र मन्त्रालय तथा सम्बद्ध निकायले चालु आ.व. २०७५/०७६ मा सञ्चालन गर्ने कार्यक्रमहरुको समयबद्ध कार्ययोजना समेटिएको एकीकृत कार्ययोजनाको सँगालो आज मिति २०७५/०४/२१ गते सार्वजनिकरण गर्नु भयो। कार्ययोजना सार्वजनिक गर्दै माननीय मन्त्रीज्यूले कार्ययोजनामा उल्लेखित कार्यक्रम, क्रियाकलापहरु सबै निकायले जिम्मेवार, प्रतिवद्ध, पारदर्शी भएर समयमै सम्पन्न गर्ने, प्रत्येक ३/३ महिनामा प्रगति मन्त्रालयमा पठाउने, सबै निकाय र पदाधिकारीहरु स्वचालित भै कार्यसम्पादन गर्ने गरी समयमै नीति कार्यक्रम र बजेटको कार्यान्वयन गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा माननीय मन्त्रीज्यूले नेपालमै सुरक्षण मुद्रण सम्बन्धी कार्यलाई सफलतापूर्वक अघि बढाउने, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्राविधिक र प्रशासनिक क्षमतामा सुधार गर्ने, नेपाल टेलिभिजन र रडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रुपमा विकास गर्ने, गोरखापत्रमा सघन सुधारका क्रियाकलापहरु सञ्चालन गर्ने, हुलाक सेवालाई प्रतिष्पर्धी, व्यवसायिक बनाउने, चलचित्र क्षेत्रलाई थप प्रभावकारी र व्यवसायिक बनाउन Box-office लाई माघसम्ममा देशभरका सबै सिनेमा भवनहरुमा लागु गर्ने, अनुगमन प्रणालीलाई नियमित र वस्तुनिष्ठ बनाउने, प्रतिवेदन प्रणाली स्वचालित र नियमित बनाउने, जिम्मेवार पदाधिकारी सँग कार्यसम्पादन सम्झौता गर्ने लगायतका अन्य सुधारका कार्य गरी समग्रतामा आर्थिक वृद्धि र समृद्धि हासिल गर्ने दिशामा अघि बढन सुझाव तथा निर्देशन दिनुभयो ।

यस एकीकृत कार्ययोजनामा चालु आ.व. २०७५/०७६ को मन्त्रालय र सम्बद्ध निकायहरुमा विनियोजित बजेट, स्वीकृत कार्यक्रमहरु, कार्यक्रमहरुको कार्यान्वयन निर्देशिका, अनुगमन कार्ययोजना तथा मन्त्रालयले गर्न खोजेका नवप्रवर्तन कार्यक्रमहरु कुल २१ वटा निकायहरुको बजेटशिर्षक अन्तर्गत चालु रु ४,३२,६४,००,०००।– पुँजीगत रु १,३१,९४,००,०००।– र वित्तीय व्यवस्थामा रु २४,००,००,०००।– गरी जम्मा रु ५,८८,५८,००,०००।- विनियोजन गरिएको छ । उल्लेखित बजेट तथा कार्यक्रम अनुसार तयार पारिएको एकिकृत कार्ययोजनाको कार्यान्वयनबाट नेपाल सरकारले हाल आत्मसात गरेको "समृद्ध नेपाल र सुखी नेपाली" को परिकल्पनालाई साकार बनाउन महत्वपूर्ण भुमीका खेल्ने विश्वास सहित यो विज्ञप्ती जारी गरिएको छ ।

रामचन्द्र ढकाल
प्रवक्ता/ सहसचिव

२०७५ साउन २१ गते